म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१३ अङ्कः- ५८ २०७९ माघ १ गते आइतबार 15 January 2023, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

Icy Iconic parlor
opening discount 10% OFF Discount
बबल टि, बरफ, बर्फी, केकलगायत विभिन्न फलेभरमा क्रिम बेलको आईसक्रिम उपलब्ध छ ।


हेटौंडा-४, स्कुलरोड
प्रोप्राईटरः क्रिजेश जोशी/दीपक गौतम
सम्पर्क नम्बर : ९८४५९०३४०७

# बागमतीको उपसभामुखमा ३ जनाको उम्मेदवारी




समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभाको उपसभामुखका लागि ३ जनाको उम्मेदवारी दर्ता भएको छ । शुक्रबार बागमती प्रदेशसभाको उपसभामुखका लागि सत्ता गठबन्धनबाट नेकपा एमाले, नेपाली कांग्रेस र नेपाल मजदुर किसान पार्टीबाट तीन जनाले उम्मेदवारी दर्ता गराएका हुन् ।

सत्ता गठबन्धनको तर्फबाट नेकपा एमालेकी अप्सरा चापागाईले उम्मेदवारी दर्ता गराउनुभएको छ। उहाँको प्रस्तावकमा कुमारी मोक्तान र समर्थकमा आशा लामा रहनुभएको छ । यस्तै, नेपाली कांग्रेसको तर्फबाट सुना परियारले उम्मेदवारी दर्ता गराउनुभएको छ । उहाँको प्रस्तावकमा उत्तम जोशी र समर्थकमा यान्किला शेर्पा रहनुभएको छ । नेपाल मजदुर किसान पार्टीको तर्फबाट गीता काफ्लेले उम्मेदवारी दर्ता गराउनुभएको छ। उहाँको प्रस्वावकमा सुरेन्द्रराज गोसाई तथा समर्थकमा सृजना सायजु रहनुभएको छ ।

उपसभामुख चयनका लागि सोमबार ३ बजे निर्वाचन हुनेछ । शुक्रबार बसेको प्रदेशसभा बैठकले उपसभामुख चयनका लागि सोमबार निर्वाचन गर्ने मिति तोकेको हो ।

नेपालको संविधानको धारा १८२ को उपधारा १ बमोजिम प्रदेशसभाको बैठक सुरु भएको मितिले १५ दिनभित्र सभामुख र उपसभामुख चयन गर्नुपर्ने प्रावधान छ। बागमती प्रदेश सभाको पहिलो बैठक पुस १८ गते बसेको थियो ।

बागमती प्रदेशको सभामुखका लागि पनि ३ जनाले उम्मेदवारी दर्ता गराएका थिए । सत्ता गठबन्धन, नेपाली कांग्रेस र नेपाल मजदुर किसान पार्टीले सभामुखका लागि उम्मेदवार दर्ता गराएको थियो । सभामुखका लागि शुक्रबार निर्वाचन भएकोमा सत्ता गठबन्धनका उम्मेदवार राप्रपाका भुवनकुमार पाठक बागमती प्रदेशको सभामुखमा निर्वाचित हुनुभएको थियो ।

# मूल्यवृद्धि नियन्त्रण उन्मुख

काठमाडौंः चालु आर्थिक वर्ष (आव) २०७९/८० को पहिलो महिनाबाटै उच्च मुद्रास्फीति ब्यहोरेको मुलुकले पछिल्लो महिना भने नियन्त्रण उन्मुख देखिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको मंसिरसम्मको तथ्यांकअनुसार मंसिर मसान्तभित्र मुद्रास्फीति ७.३८ प्रतिशत रहेको छ। कात्तिक महिनासम्म मुद्रास्फीति ८.०८ प्रतिशत रहेको थियो ।

असोज मसान्तसम्म वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ८.५० प्रतिशत रहेको थियो । यसको तुलनामा मंसिरमा आउँदा मूल्यवृद्धिमा सुधार देखिएको हो । मंसिर मसान्तसम्म खाद्य तथा पेय पदार्थको मुद्रास्फीति ५.८५ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ८.५९ प्रतिशत रहेको छ ।

यस अवधिमा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत रेष्टुरेन्ट तथा होटेल उपसमूहको वार्षिक बिन्दुगत सूचकांक १५.५६ प्रतिशत, सुर्तीजन्य पदार्थ ११.८१ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थ ९.३९ प्रतिशत, दुग्ध पदार्थ तथा अन्डा ९.०७ प्रतिशत र पेय पदार्थको मूल्य ८.८४ प्रतिशतले बढेको छ ।

गैरखाद्य तथा सेवा समूहतर्फ यातायातमा १७.३३ प्रतिशत, स्वास्थ्यमा ११.२२ प्रतिशत, मनोरञ्जन तथा संस्कृतिमा ८.७६ प्रतिशत, घरायसी उपयोगका वस्तुमा ८.२९ प्रतिशत र फर्निसिङ तथा घरायसी उपकरणमा ८.२९ प्रतिशतले मूल्य बढेको छ। तथ्यांकअनुसार काठमाडौं उपत्यकामा मुद्रास्फीति ६.५६ प्रतिशत, तराईमा ८ प्रतिशत, पहाडमा ७.३२ प्रतिशत र हिमालमा ६.६४ प्रतिशतको रहेको देखिएको छ ।

*(स्रोतः अनलाइनखबर)*

# मामाघरलाई एकलाख रुपैयाँ सहयोग



*एक लाख रुपैयाँ सहयोग हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः कोरियामा बस्ने नेपालीले हेटौंडास्थित मामाघर नेपाललाई एक लाख रुपैयाँ सहयोग गरेका छन् । कोरियामा आयोजित फुटसल प्रतियोगितामा संकलित रकमबाट सडक बालबालिकाको उद्दार, संरक्षण र परिवारमा पुनर्मिलनको कार्य गर्दै आएको मामाघर नेपाल सहयोग गरेको हो ।

कोरियामा रहनु भएका हेटौंडाका इश्वर कठायत, प्रशान्त बानियाँ, ईश्वर न्यौपानेको समन्वयमा सहयोग रकम प्राप्त भएको मामाघर नेपालले जनाएको छ । मामाघर नेपालको स्थापनाकालदेखि नै विभिन्न रुपमा कोरियामा रहेका नेपालीले सहयोग गर्दै आएको पनि मामाघर नेपालका अध्यक्ष एवम् परिकल्पनाकार अर्पण पराजुलीले जानकारी दिनुभएको छ । मामाघर नेपालमा दैनिक सहयोग प्राप्त हुने गरेको छ ।

कोरियामै कार्यररत रही हाल विदामा हेटौंडा आइपुग्नुभएका ईश्वर न्यौपानेको नेतृत्वमा एक समूहले शुक्रबार साँझ हेटौंडा-११ स्थित मामाघर नेपालमै पुगेर सहयोग रकमको चेक हस्तान्तरण गरिएको हो । कोरियामा रहनुभएका नेपालीले सहयोग गरेको यो तेस्रो पटक हो । मामाघर नेपालमा हाल २३ जना बालकहरु आश्रित छन् । उनीहरु कक्षा १ देखि १२ कक्षासम्म अध्ययनरत छन् । दैनिकजसो प्राप्त हुने दान, चन्दा र सहयोगबाट मामाघर सञ्चालन भइरहेको अध्यक्ष पराजुलीको भनाइ छ ।

मामाघर नेपालले हालसम्म २ सय ३ जनाको उद्दार गरिसकेको छ । उद्दार गरिएकामध्ये १ सय ४२ जनालाई परिवारमा पुनर्स्थापना गरिसकिएको जानकारी दिनुहुँदै अध्यक्ष अर्पण पराजुलीले भन्नुभयो, 'उद्दार गरिएका सडकबालकहरु कतिपय लागुपदार्थ दुर्व्यसनमा परेका हुन्छन् । उनीहरुलाई लागुपदार्थ दूर्व्यसन पुनर्स्थापना केन्द्रमा पठाउने गरिएको छ ।'

# भाषा संरक्षण र प्रवर्द्धन गर्न साहित्यिक भ्रमण




समाज संवाददाता

हेटौंडाः नेपालभाषाको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यसहित भक्तपुरको विराट नेपाली भाषा साहित्य सम्मेलन गुठीले साहित्यिक भ्रमण कार्यक्रम गरेको छ । मकवानपुरलाई गन्तव्य बनाउँदै तीनदिने साहित्यिक भ्रमणको अन्तिम दिन गुठीले नेपाल भाषा खलः को हेटौंडा-१ स्थित सभाकक्षमा शनिबार साहित्यिक गोष्ठीको आयोजना गरिएको छ ।

गुठीका अध्यक्ष महेन्द्र गोपाल कर्माचार्यको नेतृत्वमा बिहीबार मकवानपुरको उत्तरीक्षेत्र थाहा नगरपालिका आइपुगेको गुठीको टोलीले शुक्रबार बिहान थाहा नगरपालिका-१, कुन्छालमा साहित्यिक गोष्ठीको आयोजना गरेको थियो । साहित्यिक गोष्ठीमा सम्भव भएसम्म नवारी भाषामै साहित्यिक रचना वाचन गर्न प्रेरित गरिएको गुठीका सदस्य ईन्द्रकुमार साखःले जानकारी दिनुभयो । गुठीका निवर्तमान अध्यक्ष कृष्णभक्त बोडे, कवि डा. योगेन्द्र प्रधानसहित २७ जना साहित्यिक यात्रामा सहभागी छन् ।

शनिनबार हेटौंडास्थित नेपाल भाषा खलः को सभाकक्षमा साहित्यिक गोष्ठीको आयोजना गरिएको थियो। गोष्ठीमा भ्रमण टोलीमै सहभागीले नेपाल भाषामा आफ्ना रचना वाचन गरेका थिए भने हेटौंडाका केही साहित्यकारले नेपाली र नेपाल भाषामा आफ्ना रचना वाचन गरे । नेपाल भाषा खलः का अध्यक्ष महेश श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुरका अग्रज साहित्यकार तुल्सी थापा, सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल, साहित्य संगम मकवानपुरकी अध्यक्ष अनिता न्यौपाने, पूर्वअध्यक्ष सुवास खनालको पनि सहभागिता रहेको थियो । २०१८ सालमा स्थापित गुठीले काठमाडौं उपत्यकाभन्दा बहिर यसरी साहित्यिक यात्रा गरेको तेस्रो पटक हो । यसअघि सबैभन्दा पहिले बागलुङ र दोस्रो पटक कास्की जिल्लाको भ्रमण गरेको थियो । साहित्यिक भ्रमणको अवसरमा नेपाल भाषामा प्रकाशित विभिन्न कृतिहरु विक्रीका लागि समेत राखिएको थियो ।

# दुर्घटनामा फरार बससहित चालक पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले स्कुटर दुर्घटनामा फरार बससहित चालक पक्राउ गरेको छ । प्रहरीले ना ०३००१ ख २५३६ नम्बरको बससहित बस चालक राम तामाङलाई पक्राउ गरेको मकवानपुर प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभएको छ ।

तामाङले गत बिहीबार पूर्वपश्चिम राजमार्गअन्तर्गत् मकवानपुरको मनहरीमा ना ३९ प १४३९ नम्बरको स्कुटर दुर्घटना गरी फरार भएको थियो । सो स्कुटर दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको थियो । तामाङलाई अब थप अनुसन्धान गरी मृतक परिवारलाई क्षतिपूर्ति दिइने उपरीक्षक कार्कीले जानकारी दिनुभयो ।






## सम्पादकीय

# माघे संक्रान्तिको शुभकामना

नेपाल बहुजाति, बहुभाषी र बहुधार्मिक देश हो । नेपालमा धेरै जातजाति रहेका कारण यहाँ धेरै प्रकारका चाडपर्व मनाउने गरिन्छ । विभिन्न जातजाति र समुदाय विशेषको चाडपर्वहरु राष्ट्रिय पर्वको रुपमा मनाउने गरिन्छ । यस्तै चाडमध्येको एउटा चाड हो माघे संक्रान्ति । माघे संक्रान्ति अर्थात् माघ महिनाको पहिला दिनलाई मकर संक्रान्ति, तिला (तिलुवा) संक्रान्ति, माघीको नामबाट पनि चिन्ने गरिन्छ । माघे संक्रान्तिलाई थारु समुदायले माघीको रुपमा मनाउने गरेका छन् । यसै दिन उनीहरुले नयाँ वर्ष मान्ने गर्दछन् । किराँत समुदायले पनि यस दिनलाई नयाँ वर्षको रुपमा मनाउने गरेको पाइन्छ । माघे संक्रान्ति बाहुन, क्षेत्री, थारु, गुरुङ, मगर, राई, लिम्बु, नेवारलगायत सबै समुदायका लागि आ–आफ्नै विशेष महत्वको दिन हो । माघे संक्रान्तिको धार्मिकरुपमा मात्र नभई सांस्कृतिकरुपमा समेत विशेष महत्व छ ।

माघ मध्ये हिँउदको एउटा महिना हो । ज्योतिष शास्त्रअनुसार सौर तिथिको हिसाबले माघे संक्रान्तिको दिनदेखि सूर्य धनु राशीबाट मकर राशीमा प्रवेश गर्दछ । आजकै दिनदेखि सूर्य उत्तरायण हुने गर्दछ । सामान्यतया सूर्यले सबै राशीलाई प्रभाव पार्ने भए पनि सूर्यको कर्कट राशि (साउने संक्रान्ति) र मकर राशि (माघे संक्रान्ति) प्रवेशलाई धार्मिक दृष्टिले महत्वपूर्ण मानिन्छ । माघे संक्रान्तिको दिनदेखि सूर्य दक्षिणी गोलार्द्धबाट उत्तरी गोलार्द्धतर्फ प्रवेश गर्ने भएकोले दिन लामो र रात छोटो हुँदै जाने विश्वास गरिन्छ । भविष्यपुराण, विष्णुवचन तथा धर्मसिन्धु नामक ग्रन्थमा यस दिन स्नान गरी घिउ, चाकु, तिलको लड्डु, सागपात, तरुल, वस्त्र, पानीको भाँडो र मकलसहितको सिदा दान गरेमा विशेष फल प्राप्त हुने र उक्त पदार्थ आफूले पनि खाएमा शरीर पोषिलो हुनुका साथै निरोगी भइने उल्लेख छ । शिशिर ऋतुमा पर्ने यो संक्रान्तिमा शरीर शुद्ध गरी घिउ, चाकु र तिल तथा खिचडी खानाले शरीरमा गर्मीका मात्रा बढेर तागत दिने तथा मास हाली पकाइएको तेल शरीरमा घस्दा चिसोबाट मुक्त भई शरीरका छालासम्बन्धी र अन्य रोग नाश हुने विश्वास गरिन्छ ।

माघे संक्रान्तिका अवसरमा मुलुकका विभिन्न क्षेत्रमा विशेष मेला लाग्ने गर्दछ । यस दिन विभिन्न नदी, घाट तथा त्रिवेणीमा स्नान गरी पूजाआजा गरिन्छ । यस्ता ठाउँमा स्नान, दान, श्राद्ध आदि गर्नेको ठूलो भिड लाग्छ । माघे संक्रान्तिको दिन चितवन र तनहुँमा पर्ने देवघाटमा ठूलो मेला लाग्दछ । सुनसरीको बराहक्षेत्र, गुल्मीको रुरुक्षेत्र (रिडी), काभ्रेको पनौती र दोलालघाटमा पनि मकर संक्रान्ति मेला लाग्ने गर्दछ । हेटौंडाको कुश्माण्डधाम त्रिवेणीमा माघ महिनाभर मकरस्नान मेला लाग्ने गर्दछ । छिमेकी देश भारतको प्रयाग र गङ्गासागरलगायत क्षेत्रमा पनि मकर संक्रान्ति मेला लाग्दछ । भौगोलिक, जातीय र सांस्कृतिक विविधता रहेको नेपालमा एकै दिन पर्ने र एउटै नामको पर्वलाई पनि भिन्नभिन्न भेग र समुदायमा भिन्नभिन्न ढंगले मनाउने प्रचलन छ । यसको उदाहरण माघे संक्रान्ति पर्व हो । माघे संक्रान्ति पर्व आम नेपाली जनजीवनका लागि बहुसांस्कृतिक सह–अस्तित्वको पहिचानका रुपमा विकास हुँदै आएकोले यस चाडको महत्व बढेको छ ।

हरेक चाडपर्वको आ–आफ्नै विशेषता र महत्व हुन्छन् । देशको सबै भूभागका सबै जातजातिले माघे संक्रान्ति पर्व आ–आफ्ना परम्परा, चालचलनअनुसार मनाउने गर्दछन् । यसैकारण पनि यस पर्वको विशेषता फरक फरक पाइन्छ । माघे संक्रान्ति पर्वका दिन नेपाल सररकाले देशभर सार्वजनिक विदा पनि दिएको छ । माघे संक्रान्ति पर्व आम नेपाली जनजीवनका लागि बहुसांस्कृतिक सह–अस्तित्वको पहिचानका रुपमा समेत विकास हुँदै गएको छ । यसैले यस्ता चाडपर्वको महत्व दिनप्रतिदिन बढ्दै गएको छ । यस्ता चाडपर्वलाई मर्यादित र सुखमय बनाउनु सबै नेपालीको कर्तव्य हुन्छ । माघे संक्रान्ति अर्थात् माघी पर्वले सबै नेपालीमा सुख, शान्ति, समृद्धि ल्याउन सकोस् । सबैलाई माघे संक्रान्तिको शुभकामना ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

- **मेष** : सहपाठी र सहयोगीबाट लाभ प्राप्त हुनेछ ।
- **वृष** : धार्मिक र सामाजिक काममा सरिक भइने समय छ ।
- **मिथुन** : सामाजिक र साँस्कृतिक काममा सरिक भइने छ ।
- **कर्कट** : साहस र आँटले अगाडि बढिने समयको योग छ ।
- **सिंह** : नाम, दाम र प्रतिष्ठा कमाइने समयको योग छ ।
- **कन्या** : परोपकारजन्य र राजनैतिक काममा सरिक भइने छ ।
- **तुला** : सामाजिक र राजनैतिक कामबाट लाभ प्राप्त ।
- **वृश्चिक** : धार्मिक र परोपकारजन्य काममा सरिक भइने छ ।
- **धनु** : अध्ययन–अध्यापन ठिकै रहने समय छ ।
- **मकर** : परोपकारजन्य काममा सरिक भइने समय छ ।
- **कुम्भ** : रोकिएका कामहरु बन्ने समयको योग देखिन्छ ।
- **मीन** : अध्ययन – अध्यापनबाट लाभ प्राप्त हुने समय छ ।

# नोकरी र अनुभव



सुदर्शन ढकाल



मैले नेपाल खानेपानी संस्थानमा २०४० साल भाद्र १३ गतेबाट तह ४ को कार्यालय सहायक पदमा (लेखा) समुह रही २०७९ साल पुस २९ गतेसम्म ३९ बर्ष ४ महिना १७ दिन कार्य गरिरहँदा थोरै मात्र असजिलो र अरु सबै दिन सुखद् र हाँसीखुसिमा नै बित्यो । शुरुका दिनमा कार्यालय प्रमुख लगायत अन्य ठुला पदका कर्मचारीहरु सबै दाजुहरुका साथी हुनुभएका कारण म कार्यालयमा सबैसँग सजिलै घुलमिल भएँ । त्यतिबेला भएका कर्मचारीहरु मध्ये कम उमेर र सानो कदको थिएँ र मैले पनि सबैलाई आदर गर्थें । त्यसैले सबैबाट माया ममता पाउथे ।

कामको सुरुवात दिनमानै तत्कालिन कार्यालय प्रमुख गोबिन्द गौचनले पहिलो पोष्टिङ्ग महशुल शाखामा तोक्नुभयो । त्यहाँ रमेश भण्डारी, उत्तम घिमिरे, सूवर्ण श्रेष्ठ, छत्रबहादुर दाजुहरुबाट धेरै काम सिक्ने मौका पाएँ । रमेश र छत्र बहादुर दाई अलि कडा स्वभावको हुनुहुन्थ्यो । रामकृष्ण थापा, वीरेन्द्र सत्याल, बसन्त घिमिरे, रबि भट्टराई दाजुहरुबाट कार्यालय भनेको के हो, कर्मचारी भएर के गर्नु पर्छ र कार्यालय व्यवस्थापन सम्बन्धमा धेरै कुराहरु सिकाउनु भयो । जसका कारण मैले सजिलोसँग काम गर्न सकेँ । २०४३ सालमा मेरो कामको उच्च मुल्याङ्कन गरेर खानेपानी तथा ढल निकास संस्थानबाट रु ३००० पुरस्कारसहित प्रमाणपत्र प्राप्त गरेको थिएँ । तत्पश्चात लगतै मलाई मिटर रिडिङ्ग शाखा प्रमुख भई कार्य गर्न कार्यालय आदेश दिनुभयो ।

२०४५ सालदेखि २०४८ सालसम्म उत्पादन तथा वितरण शाखाको जिम्मेवारी दिनुभयो । २०४८ सालदेखि २०५४ सालसम्म स्टोर शाखामा खरिद तथा जिन्सि प्रमुख भई कार्य गर्न कार्यालय प्रमुखले आदेश दिनुभयो । त्यहाँ कार्य गरिरहँदा संस्थानको वार्षिकोत्सवमा पुरस्कारस्वरुप दुई ग्रेड थप पाएँ । २०५४ सालदेखि २०६९ सालसम्म उत्पादन वितरण शाखामा शाखा प्रमुख भई कार्य गरे । २०५९ सालमा तह ५ को वरिष्ठ सहायक (लेखा) पदमा बढुवा भएँ । नेपाल सरकारको निर्णय अनुसर मिति २०७०/०२/०८ गते नेपाल खानेपानी संस्थान विधिवतरुपमा चल-अचल सम्पति र कार्यरत कर्मचारीहरु बोर्डमा हस्तान्तरण भई हालसम्म कार्य गरिरहेकोमा यस व्यवस्थापन बोर्डमा मिति २०७० साल माघ १६ गतेदेखि हालसम्म नि. कार्यकारी निर्देशक पदमा रही बोर्डले दिएको जिम्मेवारी सम्हाल्दै आइरहेको छु ।

मलाई स्मरण छ, संस्थानबाट बोर्डमा हस्तान्तरण हुँदा पानी उत्पादनमा सारै न्यून र मासिक आम्दानीबाट साधारण खर्च धान्न समेत नसक्ने अवस्था थियो । म आफैं सुरु-सुरुमा कार्यालय सन्चालन गर्न रकम अपुग हुने भएर सबै सरकारी कार्यालयहरुमा बक्यौताको विवरण लिएर महशुल उठाउँदै हिँडेको छु । संस्थानका अनुभवी धेरै कर्मचारीहरु संस्थानमा नै सरुवा भई जानुभयो । २०७० साल जेष्ठ ८ गतेबाट नै कार्यालय सन्चालन गर्नुपर्ने त्यो दिनबाट के गर्ने कसो गर्ने मनमा अनेक खुल्दुलि चलिरह्यो निन्द्रा पनि लागेन । सुख्खायाम छ पानी धेरै जसो स्थानमा आउँदैन दैनिकजसो पानीका लागि डेलिगेसन आइरहेको अवस्था छ, कार्यालयको दैनिक कार्य कसरी गर्ने आदी कुराहरु मनमा खेलिरहन्थ्यो । दिउँसो दैनिक कार्यालय सम्बन्धित कार्य र बिहान साँझ बोर्डको योजना, कार्यक्रमहरु र अन्य कार्यालयको बिषयमा सल्लाह गर्दै अगाडि बडिरहेँ ।

बिहान र बेलुकाको काममा सहयोग र हौसला दिन हेटौंडा उपमहानगर पालिकाका इन्जिनियर कृष्णबहादुर अधिकारी, लेखा अधिकृत मनोज सुवेदी र जगन्नाथ सापकोटा उहाँहरुले बोर्डमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा ठूलो भूमिका रहेको छ । मेरो तर्फबाट भन्नुपर्दा व्यक्तिगतरुपमा मैले त्यति सहयोग नपाएको भए सायद बोर्डले यति थोरै समयमा यतिको राम्रो काम गरेर सबै उपभोक्ताहरुको मन जित्नेगरी सफलतापूर्वक यो अवस्थामा आईपुग्ने थिएन । सर्वप्रथम बोर्डको कार्यभार सम्हाल्नु भएपछि हेटौंडा-१० टिसिएनमा बोरिङ्ग गरी दैनिक १२ लाख लिटर पानी उत्पादनमा बृद्धि गरी भुटनदेवी, आनन्दटोल, टिसिएन, बसपार्क, चाईनाक्वाटर र मेनरोडको पानीको समस्या समाधान भयो ।

पिप्ले क्षेत्रमा बर्षौंदेखि पानीको समस्या थियो । हिउँद बर्षानै पानी आउँदैन थियो । कार्यालयमा पानीका लागि धाउँदा आजित भएर धेरै उपभोक्ताहरुले धाराको लाईन बन्द गरी सक्नुभएको थियो । त्यसैले दोस्रो बोरिङ्ग गरी दैनिक ७ लाख लिटर पानी उत्पादनमा थप गरी मास्टर चोक, नवीनटोल, ढकालटोल, कार्कीटोल पिप्लेको सबै क्षेत्रहरुमा पानीको समस्यालाई सम्बोधन गर्न सफल भयौं । बजार क्षेत्रहरु जोशीटोल, संगमचोक, मेनरोड, नगरपालिका रोड, गणेश मन्दिर रोड, स्कुलरोड आदि स्थानहरुमा पानीको अभावलाई पुर्ताल गर्न चौकिटालमा बोरिङ्ग गरियो र एउटा पुरानो बोरिङ्गलाई सुधारगरी दैनिक १५ लाख लिटर पानी थप गर्न सक्यौं ।

त्यसैगरी सामरीमा एउटा समवेल निर्माण गरी दैनिक १८ लाख लिटर पानी थपियो र बजार क्षेत्रमा खानेपानीको समस्या केहि समाधान भएको महसुस भयो । खानेपानी बोर्डको मुख्य आम्दानीको स्रोत नै खानेपानी महसुल भएको हुँदा महसुल बृद्धि नगरेसम्म खानेपानीमा सुधार ल्याउन सकिन्न, मुद्रास्फिदी, कर्मचारीको तलबमा हुने बृद्धि महङ्गी आदि कुरालाई हेरी समय सापेक्ष महसुलमा बृद्धि नभए कार्यालय नियमित सन्चालन हुन नसक्ने र पानी उत्पादन र वितरणमा समस्या श्रृजना हुने भएको हूँदा उपभोक्ताहरुलाई ठूलो व्यायभार नहुने गरी बाध्यताबस महसुलमा बृद्धि गरिएको हो ।

सीमित श्रोत र साधनको बाबजुत पनि बोर्डले स्थानीय सरकारसँग सहकार्य गरेर पानी उत्पादनमा बृद्धि , वितरण र भौतिक संरचना निर्माण, मर्मत संभारको कार्यमा अगाडि बढन सफल भए पश्चात बोर्डले ९ वर्षे रणनीतिक कार्ययोजना तयार गरियो । जसअनुसार जडान भएका सबै धाराहरुमा कम्तिमा नियमित सरदर ५ देखि ६ घण्टा पानी पुऱ्याउने, भण्डारण क्षमातामा बृद्धि गर्ने, शुद्ध खानेपानी वितरण गर्ने, क्षेत्र विस्तार गर्ने कार्यहरु लगभग पुरा हुँदै गएको छ । यस आर्थिक वर्षदेखि ३ बर्ष भित्र शुद्ध खानेपानी बितरण गर्ने लक्ष्य साथ बोर्ड अगाडि बढिरहेको छ ।

बोर्डको सामु अवसर र चुनौति उतिकै रहेको छ । एकातिर संघ, प्रदेश र स्थानीय सरकारसँग हातेमालो गरी सेवा क्षेत्र बिस्तार गर्दै नगर बासीहरुलाई स्वच्छ र सुपथ मुल्यमा पानी ख्वाउने अवसर छ भने नगरको विकट स्थानहरुमा नयाँ योजना सन्चालनमा लागत मुल्य बढि हुनु र नियमित दैनिक कार्य सन्चालन खर्चले धान्नै नसक्ने हुनु चुनौतिको रुपमा लिन सकिन्छ ।

हेटौंडा उपमहानगरपालिका भित्र बसोबास गर्ने आम नगरबासीहरुले खानेपानका लागि अबका केहि बर्षबाट खासै समस्या भ्mेल्नु पर्ने अवस्था देखिँदैन । अल्पकालिन कार्यहरुमा हेटौडा वडा नं. ११ मा थानाभऱ्याङ्ग, सिमल्टार क्षेत्र (समवेल ३ वटा, ग्राउण्ड ट्याङ्की ७०० घ.मि. १ वटा, मेन तथा शाखा पाईप लाईन कार्य), वडा नं. १४ को टासलिङ, कालापानीमा (ग्राउण्ड ट्याङ्की २०० घ.मि. १ वटा, मेन तथा शाखा पाईप लाईन कार्य), वडा नं. १५ को रातोमाटेमा (ग्राउण्ड ट्याङ्की ३०० घ.मि. १ वटा, मेन तथा शाखा पाईप लाईन कार्य), वडा नं. १६ को हटिया चिसापानी शक्तेश्वर सिपाली चोक आदि क्षेत्रका लागि (डिप बोरिङ्ग ३ वटा, ग्राउण्ड ट्याङ्की ७०० घ.मि. १ वटा, मेन तथा शाखा पाईप लाईन पम्प घर कार्य), वडा नं. ६ मा (ओभरहेड ट्याङ्की २५० घ.मि. १ वटा, मेन तथा शाखा पाईप लाईन कार्य) हरुमा बोर्ड र संघीय खानेपानी तथा सर सफाई डिभिजन कार्यालयसँगको सहलगानीमा (७०/३०) अवधारणा अनुसार विस्तृत अध्ययनको कार्य सम्पन्न भइसकेको छ

यसै आ. ब. को माघमहिना भित्र बोलपत्रको कार्य हुनेछ । त्यसैगरी हेटौंडा-१६ को त्रिशुले हाइटमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र यस बोर्डसँगको सहलगानीमा निर्माण गरिएको पानी ट्याङ्कीमा पानी राख्ने, बत्ती जडान कार्य, मेन तथा शाखा पाईप बिस्तार गरी स्थानीय उपभोक्तालाई खानेपानी वितरण गर्ने, हेटौंडा-८ मा गत आ.ब.मा अधुरा रहेका कार्यलाई पुरा गरी पानीको वितरण समय र प्रेसरमा बृद्धि गरिने छ । त्यसैगरी अबका केहि वर्षमा बोर्डको सेवा क्षेत्रमा खानेपानीमा बृहत सुधारका लागि भैंसे दोभानबाट करिब १.५ कि.मि. माथिको पानी दैनिक २४" को व्यासको पाइप करिब बजार ल्याउने, नयाँ पाईपलाईन बिच्छ्याउने, भूमिगत ढल निर्माण, शुद्ध खानेपानी उत्पादन गरी पानी वितरण कार्य आदी अन्य कार्यका लागि विस्तृत अध्ययन कार्य भैरहेको छ ।

यस व्यवस्थापन बोर्डमा तत्कालनै कर्मचारीहरु बोर्डको संगठन तालिका अनुसार व्यवस्थापन गरेर अगाडि बढ्नु पर्ने देखिन्छ । बोर्डको कर्मचारी सेवा सर्त सम्बन्धित बिनियमावली २०७१ लाई संशोधन गराई लोकसेवाको माध्यमबाट कर्मचारीहरु स्थायी पदपूर्ति गर्नुपर्ने देखिन्छ । कर्मचारीहरुमा अनुशासन, आचरण शिष्टता, आज्ञापालन, समयपालन, नियमितता, व्यवहार, कामप्रतिको निष्ठा, समर्पण, लगाव, ईमान्दारितामा ध्यान दिनुपर्छ । बोर्डले जुन किसिमको सेवा प्रभाह गरिरहेको छ अझ बढी सेवा दिन पनि यस्ता कुहिएका आलु बोराबाट झिकेर तत्काल फाल्नुपर्छ अन्यथा फेरी काकाकुलको अवस्था नआउला भन्न सकिन्न र अहिले बोर्डका पदाधिकारी ज्यूहरु र कर्मचारीहरुको उच्च भएको शीर र मनोबललाई खस्काउने दुसास नगरीयोस् ।

आम हेटौंडाबासीले पिउने पानीमा खेलवाड नगरियोस् र फेरी गाग्री बोकेर पानी खोज्न हिँड्न नपरोस् भन्दै बोर्डले आगामी ५ बर्षभित्र गरिने कामको फेहरिस्त र गर्नुपर्ने केहि सुधारको खाँचो औँल्याएको छु । अन्तमा म बोर्डको कार्यकारी निर्देशक भई कार्य गरिरहँदा आम हेटौंडाका खानेपानी उपभोक्ताहरुको मनमस्तिकमा केहि अपशब्द बोली ठेस पुऱ्याइएको भए काम गर्ने क्रममा भुलबस केही गल्ति गरेको भए क्षमा चाहान्छु भन्दै अबका मितिबाट कार्यालय सम्बन्धी केहि कुराहरु सोधपुछ गर्नुपर्ने भएमा मोबाईल नम्बर ९८५५०१२७०८ , ०५७-५२३७०८ मा संम्पर्क गर्नुहुन समेत अनुरोध गर्दै आजैका मितिबाट नोकरी जिबनबाट अवकास लिइएको व्याहोरा अवगत गराउन चाहान्छु ।

बिगत ९ वर्षदेखि अबिछिन्न रुपमा कार्यकारी निर्देशक भई कार्य गरिरहँदा बोर्डबाट विश्वासका साथ दिनु भएको जिम्मेवारी, माया ममता साथै प्राप्त हौसलाको सम्मान गर्दै विभिन्न तहमा कार्य गरी आउनु भएका मेरा स्नेहि सहयोगी कर्मचारीहरुबाट सकारात्मक सोच राखी दिनुभएको साथ सहयोगको सधैं ऋणि र हिरहनेछु ।

*(लेखक हेटौंडा खानेपानी व्यवस्थापन बोर्डबाट उमेर हदका कारण अवधकाश हुनुभएको छ ।)*

| स.नं. | विवरण | नेपाल खानेपानी संस्थान | हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड | कैफियत |
|---|---|---|---|---|
| १ | दैनिक सरदर पानी उत्पादन MLD | ६० लाख लिटर | १ करोड ८२ लाख लिटर | सरदर |
| २ | चुहावट | ३५ प्रतिशत | ११.८० प्रतिशत | सरदर |
| ३ | धारा संख्या | ८५३७ | २२६३७ | थपीएका धारा १४१०० |
| ४ | मासिक बिलिङ | १५ लाख | ९८ लाख | सरदर |
| ५ | मासिक पानी महशुल संकलन सरदर | १६ लाख | ५० हजार १ करोड | सरदर |
| ६ | डिप ट्यूववेल संख्या | ३ थान | २४ थान | |
| ७ | सम्मवेल | ३ वटा (१ वटा प्रयोमा नरहेको) | ७ वटा | |
| ८ | पानी वितरण समय सरदर | ३ देखि ४ ३०६ | ७ देखी ८ ३०६ | |
| ९ | जेनेरेटर | २ थान | ७ थान | |
| १० | कुल पाइपलाइन | १२० कि.मि. | ४०३ कि.मि. | |
| ११ | पानी टंकी संख्या | ५ वटा | १६ वटा | |
| १२ | भण्डारन क्षमता | १६०० घ.मि. | ५६०० घ.मि. | |
| १३ | कर्मचारी संख्या | ५५ जना | ८२ जना | |
| १४ | सरदर बिलीङ रकम प्रतिधारा | १७५.७० | ४२६.१० | सरदर |
| १५ | सरदर संकलन रकम प्रतिधारा | १९३.२७ | ४१८.३८ | सरदर |
| १६ | सेवा पुऱ्याईएको वडाहरु | १,४,५,६,८,९,१० | २,४,५,६,७,८,९,१०,१४,१५,१६,१७,१९, | |

# नेपाल खेलकुद महासंघले हुप्रचौर सरसफाई गऱ्यो



*नेपाल खेलकुद महासंघले हुप्रचौर सरसफाई गऱ्यो*

समाज संवाददाता

हेटौंडाः नेकपा एकीकृत समाजवादी निकट नेपाल खेलकुद महासंघ समाजवादी जिल्ला कमिटी मकवानपुरले हेटौंडा-४ स्थित हुप्रचौर सरसफाई गरेको छ । शनिबार एक कार्यक्रमको आयोजना गर्दै महासंघले हुप्रचौर सरसफाई गरेको हो ।

हुप्रचौर नियमित रुपमा खेल खेल्ने र व्यायाम गर्ने साझा ठाउँ भएपनि फोहोर भएकाले सरसफाई गरिएको नेपाल खेलकुद महासंघ समाजवादीका केन्द्रीय कमिटी सदस्य निरज सिंह ठकुरीले जानकारी दिनुभयो । ठकुरीले भन्नुभयो, 'खेल खेलेर मात्रै स्वस्थ हुँदैन, खेल खेल्ने वातावरण पनि स्वच्छ र सफा हुनुपर्छ ।' चौर सरसफाईको क्रममा लागूऔषधका सिरिन्जहरु धेरै मात्रामा भेटिएको ठकुरीले बताउनुभयो । लागूपदार्थ सेवन गर्ने सुरक्षित ठाउँको रुपमा हुप्रचौर क्षेत्रलाई प्रयोग गरिरहेको हुन सक्ने उहाँले आशंका गर्नुभयो । यस विषयमा सम्बन्धित निकायले ध्यान दिनुपर्ने उहाँले बताउनुभयो ।

चौर सरसफाईमा नेपाल खेलकुद महासंघ समाजवादीका केन्द्रीय सचिवालय सदस्य माधव तिमल्सिना, जिल्ला अध्यक्ष उमेश बुढाथोकी, जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेश खड्की लगायत हेटौंडा फुटबल एकेडेमी, मकवानपुर क्रिकेट क्लब, वडा प्रहरी कार्यालयका प्रहरी र खेलाडीहरुको सहभागिता रहेको थियो ।

# भैंसे-भीमफेदी सडक विस्तारमा मुख्यमन्त्रीको चासो

हेटौंडाः हेटौंडा-काठमाडौं जोड्ने छोटो दुरीको हेटौंडा-कुलेखानी सडक विस्तारमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले चासो व्यक्त गर्दै छलफल अघि बढाएका छन् । काठमाडौंबाट प्रदेश राजधानी जोड्ने छोटो दुरीको उक्त सडकको भैंसेदेखि भीमफेदीसम्मको सडकखण्ड विस्तारमा विगत केही समयबाट समस्या देखिएको थियो । उक्त सडक खण्डको काम अघि बढाउने विषयमा नवनियुक्त मुख्यमन्त्री जम्मकट्टेलले चासो व्यक्त गर्दै सरोकारवालाहरुसँग छलफल अघि बढाएका हुन् ।

मुख्यमन्त्री जम्मकट्टेलले सोही क्षेत्रबाट निर्वाचित प्रदेश सांसद कुमारी मोक्तान, भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा, उपाध्यक्ष सञ्जीव श्रेष्ठ र भीमफेदी गाउँपालिका वडा नम्बर-४ का अध्यक्ष सागर पाण्डेसँग सडक विस्तारका विषयमा छलफल गरेका थिए । उनले उक्त सडकखण्ड भएर यात्रा गर्ने यात्रुहरूले भोग्नु परेको समस्याको समाधान र बाटो विस्तारमा देखिएको समस्या हल गर्ने उचित योजना तयार गरी काम अघि बढाउन आग्रह गरेका छन् । उनले केही समयलाई सो सडकखण्डमा सवारी आवागमन बन्द गरेर सडक विस्तार कार्य तिव्ररुपमा अघि बढाउनुपर्ने बताए । मुख्यमन्त्री जम्मकट्टेलले भैंसे-भीमफेदी सडकखण्ड विस्तारमा देखिएको समस्या छिट्टै समाधान गर्न मतहतका निकायलाई निर्देशनसमेत दिएका छन् । उनले उक्त सडकखण्डको विस्तार कार्य यथाशीघ्र अघि बढाउन निर्देशन दिएका हुन् । सो सडकअन्तर्गत् पर्ने भैंसे-भीमफेदी खण्डको विस्तारमा स्थानीय र सरकार बीच मुआब्जा विवाद कायमै रहेको छ । जसका कारण सो खण्डको काम सुस्त गतिमा भइरहेको छ । *(स्रोतः रातोपाटी)*


## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्याबरोटरी,**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



**सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि**

www.samriddhasamaj.com.np


# दिव्य सेवा निकेतनमा गजुरेल

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१५, रातोमाटेस्थित दिव्य सेवा निकेतन ज्येष्ठ नागरिक आश्रयस्थलको सातौं साधारण सभा शनिबार सम्पन्न भएको छ । साधारणसभाबाट यादवप्रसाद गजुरेलको अध्यक्षतामा १७ सदस्यीय कार्यसमिति चयन गरेको छ । कार्यसमितिको उपाध्यक्षमा बोल बहादुर कार्की र शुभ लक्ष्मी वाईबा, सचिवमा युक्तलाल विश्वकर्मा, सहसचिवमा लक्ष्मी श्रेष्ठ र कोषाध्यक्षमा शान्ति बज्यु चयन हुनुभएको छ ।

साधारणसभाबाट कार्यसमिति सदस्यमा राजु अधिकारी, विष्णु प्रसाद वाग्ले, रीता न्यौपाने, उत्तरा कुमारी रुपाखेती, सूवर्ण सिं वाईबा, विनिता बज्यु, राजु श्रेष्ठ, रघु आचार्य, हर्करत्न लामा, गीतादेवी क्षेत्री र डिल्लीराम सुवेदी चयन हुनुभएको छ । साधारण सभाले ११ सदस्यीय सल्लाहकार समिति समेत चयन गरेको छ । सल्लाहकार समितिमा वरिष्ठ सल्लाहकार अर्जुन पोखेल, लाल बहादुर गोले, नवीन सिग्देल, सुनिल मोक्तान, कुमारी श्रेष्ठ, ईन्द्रमान स्याङ्तान, हरि मोक्तान, तेजप्रसाद रुपाखेती, अर्जुन प्रसाद वाग्ले, प्रेम बहादुर भोम्जन र केशव सन्जेल चयन हुनुभएको छ ।

बागमती प्रदेश प्रमुख यादव चन्द्र शर्माको प्रमुख आतिथ्यमा साधारण सभा भएको हो । प्रदेश प्रमुख शर्माले ज्येष्ठ नागरिकको संरक्षणमा दिव्य सेवा निकेतनले निर्वाह गरेको भूमिका अत्यन्तै अनुकरणीय रहेको कुरा बताउनुहुँदै बृद्धबृद्धाको रेखदेख र संरक्षणमा राज्यले निर्वाह गर्नुपर्ने दायित्वको बारेमा चर्चा गर्नु भएको थियो । सधारण सभामा दिव्य सेवा निकेतनका प्रमुख सल्लाहकार केदार न्यौपाने, प्रमुख संरक्षिका सुनिता वाईजी, केन्द्रीय अध्यक्ष टिआर निरौला लगायतकाले मन्तव्य राख्नु भएको थियो । सचिव अर्जुन प्रसाद पोखेल र कोषाध्यक्ष रीता न्यौपानेले प्रस्तुत गर्नु भएको प्रगति प्रतिवेदन, अगामी कार्ययोजना र आर्थिक प्रतिवेदन सर्वसम्मत पारित भएको छ ।

# शिक्षक संघ मनहरीमा पुनः गौतम

समाज संवाददाता

**हेटौंडाः नेपाल शिक्षक संघ मनहरी गाउँपालिकाको अध्यक्षमा पुनः सुशील गौतमलाई सर्वसम्मत चयन गरिएको छ । शनिबार भएको संघको तेस्रो अधिवेशनले गौतमको नेतृत्वमा २६ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।**

**यस्तै, उपाध्याक्षमा उमा स्याङ्तान र पवित्रा ढुंगानालाई चयन गरिएको नेपाल शिक्षक संघ मकवानपुरका प्रवोध बिडारीले जानकारी दिनुभयो । सचिवमा तुलाबहादुर सुनार र कोषाध्यक्षमा विशाल लामिछानेलाई चयन गरिएको बताउनुभयो ।**

**नेपाल शिक्षक संघ मनहरीका अध्यक्ष गौतमको सभाध्यक्ष तथा मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कलाखेतीको प्रमुख आतिथ्यमा अधिवेशन भएको हो । अधिवेशनमा नेपाल शिक्षक संघ बागमती प्रदेशका वरिष्ठ उपाध्यक्ष दीपक खतिवडाको आतिथ्य रहेको थियो ।**


## कोठा भाडामा चाहियो ?

हेटौंडा-४, कान्तिराजपथस्थित व्यावसायिक प्रयोजन, कार्यालय प्रयोजनका लागि उपयोगी २ वटा कोठा भाडामा दिन सकिने भएकोले व्यवसाय गर्न चाहने वा कार्यालय सञ्चालनका लागि कोठा आवश्यक भएका व्यक्ति वा संस्थाका प्रतिनिधिले सम्पर्क गर्नुहुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सम्पर्कः**
९८५५०-७१२८०/९८५५०-३२५९०/
९८५५०-६७२४२









## जग्गा बिक्रिमा

- २० फिट बाटो भएको
- पानी बत्तीको सुविधा
- प्लटिङ्ग गर्न मिल्ने
- पूर्व दक्षिण मोहडा भएको
- १० कठ्ठा १० धुर
- मूल्य कठ्ठाको रु ८,००,०००/-




**सम्पर्कः ९८५१०९०२७२**

**दलालले कष्ट नगर्नुहोला ।**


# छोरीको स्मृतिमा रक्तदान कार्यक्रम



*शनिबार आयोजित कार्यक्रममा रक्तदान गर्दै रक्तदाता ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-९ स्थित डबल महर्जनले आफ्नी छोरीको स्मृतिमा हरेक वर्ष रक्तदान कार्यक्रमको आयोजना गर्दै आएको छ । सोही क्रममा शनिबार १८ औं पटक छोरी सन्तोषी मैया महर्जनको स्मृतिमा रक्तदान कार्यक्रमको आयोजना गरेको हो ।

कार्यक्रममा २१ जनाले रक्तदान गरेका छन् । यसैगरी शुक्रबार पनि हेटौंडा-४ स्थित सिटी डिजिटलले आयोजना रक्तदान कार्यक्रम भएको थियो । कार्यक्रममा १४ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो । विभिन्न संघ, संस्थाले आयोजना गर्ने रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्रले प्राविधिक सहयोग गर्दै आएको छ ।

पछिल्लो समय रक्तदान कार्यक्रम नियमितजसो भइरहेकोले रगतको अभाव नभएको प्राविधिक सापकोटाले जानकारी दिनुभयो ।


## 'भूकम्प सुरक्षित पूर्वाधार, सुरक्षित जीवनको आधार'

**२५ औं भूकम्प सूरक्षा दिवस २ माघ २०७९**

- 'उपमहानगरपालिकद्वारा जारी गरिएको मापदण्ड पालना गरौं र नक्सा पास गरी भवन निर्माण गर्ने बानी बसालौं ।'
- 'भूकम्पले मान्छे मार्दैन, मान्छेले नै निर्माण गरेको संरचनाले मार्न सक्छ, त्यसैले भुकम्पीय सुरक्षित भवन निर्माण गरौं, आफ्नो धन जनलाई सुरक्षित गरौं ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
वागमती प्रदेश, नेपाल



## बीमालेख हराएको सूचना

हेटौंडा उपमहानगरपालिका-१९, नेवारपानीकी उषा घलानको बीमालेख (बिमालेख नं.२५०८०८३३८) मिति २०७९ साल पुस ४ गतेका दिन बिहान ११ बजे नेवारपानीबाट एलआईसीको हेटौंडास्थित कार्यालयसम्म आउने क्रममा हराएको हुँदा कहीं कतै देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन अनुरोध गरिन्छ । **सम्पर्क फोन नं. ९८०४२२५८०३**



## सूचना सूचना सूचना

विगत एक दशक भन्दा लामो समयदेखी निरन्तर विरामीको सेवामा समर्पित यस हेटौंडा मोडल अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समुहद्वारा सबै किसिमको रोगको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको सबैमा सहर्ष जानकारी गराउँदछौं ।

कार्यरतः

**यस अस्पतालमा कार्यरत विशेषज्ञ डाक्टरहरुः-**

१. हाडजोर्नि तथा नसा रोग विशेषज्ञ डा. बसन्त मान श्रेष्ठ तथा डा. आभाष तिवारी ।
२. जनरल फिजिशियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ ।
३. नाक कान घाँटी रोग विशेषज्ञ डा. अनुप सञ्जेल, डा. इन्क्लाम ढुंगाना ।
४. जनरल सर्जन डा. साजिद अन्सारी, डा.सरोज प्रधान ।
५. छाला तथा यौन रोग डा. प्रमोद चौरसीया ।
६. रेडियोलोजिष्ट डा. गेहेन्द्र भुसाल ।
७. ऐनस्थेसिया डा. सुवास लामिछाने ।
८. दन्त रोग विशेषज्ञ डा. रन्जना शाह ।
९. फिजियोथेरापिस्ट डा. रति गुरुङद्वारा दैनिक उपचार जांच भईरहेको सहर्ष जानकारी गराउँदछौं ।

यसको साथ साथै यहाँ OPD सेवा, विरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि. स्क्यान सेवा फार्मेसी सेवा गरिन्छ ।

**सम्पर्कः**

**हेटौंडा मोडेल अस्पताल,**

**स्वर्गद्वारी मन्दिर चोक जरुवा टोल, वार्ड नं. १, हेटौंडा**
**मो. नं. ९७४५३२१६४८ फोन नं.: ०५७५२२७५६**

# शिक्षक भलिबलको उपाधी जीएस निकेतनलाई



उपाधि साथ जीएस निकेतन माविको शिक्षक भलिबल टिम ।

समाज संवाददाता

हेटौंडाः जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिताको उपाधि जिएस निकेतनले जितेको छ । शनिबार भएको फाइनल खेलमा बकैया गाउँपालिकाको महेन्द्र माविलाई ३-० सेटले पराजित गर्दै हेटौंडा-५ स्थित जिएस निकेतनले उपाधि हात पारेको हो ।

जीएसले २५-१३, २६-२४, र २५-२० को सेटले महेन्द्रलाई पराजित गरेको हो । जितसँगै जीएसले नगद २५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। यस्तै उपविजेता बनेको महेन्द्र माविले नगद १५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगिताको उत्कृष्ट खेलाडी जीएसका अमृत मिश्र घोषित हुनुभयो । उहाँले नगद ३ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नुभएको छ ।

प्रतियोगिताको उत्कृष्ट सेटर जीएसका बिनोद श्रेष्ठ घोषित हुनुभयो भने उत्कृष्ट स्पाइकर महेन्द्र माविका विवेक बोलखे घोषित हुनुभयो । श्रेष्ठ र बोलखेले नगद २/२ हजार रुपैयाँ प्राप्त गर्नुभएको छ । प्रतियोगितामा जिल्लाका सरकारी र निजी गरी २६ वटा विद्यालयको सहभागिता रहेको थियो । मदन भण्डारी स्पोर्टस् एकेडेमीको आयोजना तथा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडाको प्रायोजनमा हेटौंडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा प्रतियोगिता भएको हो । मदन भण्डारी स्पोर्टस एकेडेमी विद्यालय खेलकुद शिक्षक संघ मकवानपुरका अध्यक्ष राजाराम पोखरेलको संयोजकत्वमा प्रतियोगिता भएको हो ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमी मकवानपुरका अध्यक्ष प्रकाश सुवेदीको अध्यक्षता तथा नेकपा एमाले केन्द्रीय कमिटी सदस्य एवम् मकवानपुर जिल्ला इन्जार्च रामेश्वर रानाको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम भएको थियो । कार्यक्रममा ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देल, बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाई, मदन भण्डारी फाउण्डेशन मकवानपुर जिल्ला अध्यक्ष रघुनाथ खुलाल, नेपाल खेलकुद महासंघ उपमहासचवि धरम लामा, नगर खेलकुद विकास समितिका अध्यक्ष चन्द्र शाहीको उपस्थिति रहेको थियो ।

# श्रमिकमा भलिबल प्रतियोगिता

समाज संवाददाता

हेटौंडाः हेटौंडा–४ स्थित श्रमिक माध्यमिक विद्यालयमा भलिबल प्रतियोगिता सम्पन्न भएको छ । विद्यालयको वार्षिक कार्ययोजनाअनुसार अन्तरसदन भलिबल प्रतियोगिता भएको हो ।

शुक्रबार भलिबल प्रतियोगिताका विजेता विद्यार्थीलाई पुरस्कार वितरण गरिएको छ । शुक्रबारीय अतिरिक्त क्रियाकलापअन्तर्गत् भएको प्रतियोगिताका विजेता विद्यार्थीलाई मेडल तथा प्रमाणपत्र वितरण गरिएको हो ।

प्रतियोगितामा छात्रातर्फ ब्लु हाउस र ग्रिन रेड हाउसको संयुक्त टिम विजयी भएको थियो । छात्रतर्फ ग्रीन हाउसको टिम प्रथम र ब्लु हाउसको टिम द्वितीय भएको विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक सृजना पौडेलले जानकारी दिनुभयो ।

प्रतियोगितामा प्रथम र द्वितीय हुने टिमका खेलाडीहरुलाई प्रमाणपत्र र मेडल प्रदान गरिएको पौडेलले जानकारी दिनुभयो । प्रतियोगितामा छात्रतर्फ विकास बल र छात्रातर्फ भरोसा दहाल उत्कृष्ट खेलाडी घोषित भएका थिए ।

पाठ्यक्रममा समेटिएको भए पनि खेल अभ्यासबिना विद्यार्थीले सहजै भलिबल खेलको बारेमा सिक्न नसक्ने भएकाले खेलको आयोजना गरिएको शिक्षक पौडेलले बताउनुभयो । भलिबल प्रतियोगिताले भलिबल खेलबारे विद्यार्थीले धेरै कुरा सिक्ने अवसर पाएको र उनीहरुको खेल क्षमताको पनि विकास भएको उहाँको भनाइ छ । बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने उद्देश्यले विद्यालयले वार्षिक कार्ययोजना बनाएर प्रत्येक हप्ता अतिरिक्त क्रियाकलाप गर्दै आएको उहाँले जानकारी दिनुभयो ।

## पाँचौं बागमती गोल्डकप

# भुटनिज युथ स्पोर्ट्स क्लब फाइनलमा



भुटनिज युथ स्पोर्ट्स क्लबको टिम । फाइल तस्वीर ।

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिकामा जारी पाँचौ बागमती गोल्डकप फुटबल प्रतियोगितामा भुटनिज युथ स्पोट्स क्लब फाइनल प्रवेश गरेको छ। शनिबार बागमती-८, फापरबारीस्थित जनता माध्यमिक विद्यालयको चौरमा भएको पहिलो सेमिफाइनल खेलमा भुटनिज युथ स्पोर्ट्स क्लबले १-० गोलअन्तरले जावलाखेल युथ क्लबलाई हराएको हो ।

भुटनिज युथ स्पोर्ट्स क्लबको जितका लागि प्रविन बस्नेतले ३४ औं मिनेटमा उत्कृष्ट गोल गरे । म्यान अफ द म्याच भुटनिजका प्रबिन बस्नेत नै घोषित भए । उनले नगद पाँच हजार पुरस्कार प्राप्त गरेका छन् । अब भुटनिजले आइतबार सेमिफाइनल विजेता टिमसँग फाइनलमा प्रतिस्पर्धा गर्नेछ ।

आइतबार दोस्रो सेमिफाइनलमा संकटा क्लब र मकवानपुर-११ भिड्नेछ । प्रतियोगिताको फाइनल खेल माघ ३ गते हुनेछ । प्रतियोगितामा प्रथम हुने टिमले नगद ८ लाख रुपैयाँ र उपविजेता टिमले नगद ४ लाख रुपैयाँ प्राप्त गर्नेछ ।

# जेसीआई बसामाडीमा भण्डारी

समाज संवाददाता

हेटौंडाः जेसीआई बसामाडीको अध्यक्षमा जनक भण्डारी चयन हुनुभएको छ । शनिबार हेटौंडामा भएको २३ औं साधारणसभाबाट वर्ष २०२३ का लागि भण्डारीको नेतृत्वमा नयाँ समिति सर्वसम्मत चयन गरेको हो ।

वर्ष २०२३ का लागि कार्यकारिणी उपाध्यक्षमा उद्धवराज कठायत र मनिष घिमिरे, उपाध्यक्षमा रमेश शर्मा, जेपी यादव, परमेश्वर पौडेल र बासुदेब तिमल्सिना चयन हुनुभएको निर्वाचन आयुक्त गौतम केसीले जानकारी दिनुभएको छ ।

नवनिर्वाचित समितिले विभिन्न पदमा मनोनित गरी पदस्थापन गर्नेछ । अन्तर्राष्ट्रिय सामाजिक संस्थाको रुपमा रहेको जेसीआईको सदस्य जेसीआई बसामाडी वार्षिकरुपमा विविध कार्यक्रमको आयोजना गर्ने गरेको छ ।

# ज्ञानदा माविको व्यवस्थापन समिति सदस्य चयन

समाज संवाददाता

हेटौंडाः हेटौंडा–१० स्थित ज्ञानदा माध्यमिक विद्यालयको ५१ औं वार्षिक साधारणसभा तथा अभिभावक भेलाले विद्यालय व्यवस्थापन समिति सदस्य चयन गरेको छ। भेलाले विद्यालयको व्यवस्थापन समिति सदस्यमा ४ जना अभिभावक सर्वसम्मत चयन गरेको हो ।

अभिभावक भेलाबाट विद्यालय व्यवस्थापन समिति सदस्यमा फूलमाया गुरुङ, गीतादेवी यादव, मनकाजी गुरुङ र मनिषा लामालाई चयन गरिएको ज्ञानदा माध्यमिक विद्यालयका प्रधानाध्यापक रमेश सुवेदीले जानकारी दिनुभयो । विद्यालय व्यवस्थापन समितिमा अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका २ जना महिलासहित ४ जना सदस्य रहने व्यवस्था छ। सोही अनुसार शुक्रबार विद्यालय व्यवस्थापन समितिको सदस्यमा ४ जना सदस्य सर्वसम्मत चयन गरिएको उहाँले बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिमा विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट वडा समितिले मनोनयन गरेको एक जना सदस्य रहने व्यवस्था छ। यस्तै, विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सोभन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित २ जना सदस्य चयन गर्नुपर्ने व्यवस्था छ ।

विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना व्यवस्थापन समिति सदस्य र विद्यालयका प्रधानाध्यापक समितिको सदस्यसचिव रहने व्यवस्था रहेको छ । समितिमा वडा र शिक्षक प्रतिनिधि चयन गरेपछि समितिको बैठक बसेर २ जना सदस्य मनोनित गर्ने र विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष चयन गरिने उहाँले जानकारी दिनुभयो ।




हार्दिक बधाई एवम् आभार



**जिल्लास्तरीय विद्यालय शिक्षक भलिबल प्रतियोगिता**को उपाधि विजेता जीएस निकेतन माविलाई हार्दिक बधाई छ । उपविजेता महेन्द्र माविसहित सहभागी २६ वटै विद्यालयप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहभागिताको अपेक्षा गर्दछौं । साथै प्रतियोगिता आयोजनाका लागि सहयोग गर्नुहुने सम्पूर्णमा आभार व्यक्त गर्दै आगामी दिनमा पनि साथ र सहयोगको अपेक्षा गरेका छौं ।

प्रकाश सुवेदी, अध्यक्ष
**मदन भण्डारी स्पोर्ट्स एकेडेमी मकवानपुर**
**आयोजक**

राजाराम पोखरेल, अध्यक्ष
**मदन भण्डारी स्पोर्टस एकेडेमी विद्यालय खेलकुद शिक्षक संघ मकवानपुर**
**संयोजक**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ